श्री सचिव,
गृह मन्त्रालय ।

प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ को दफा २ (ख) सशोधन गर्ने विषयको गृह मन्त्रालयको नं. ९/४०-०७३/४/१२ को प्रस्ताव मं.प.बै.सं. २१।०७३ मिति २०७३।४।१२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु —

नेपाल सरकारको निर्णय —

"प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायको व्यहोरा राखे—
प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ को दफा २ को खण्ड (ख) मा रहेको "रु. ५,०००।- (पाँच हजार) सम्म" भन्ने व्यहोराको सट्टा "रु. १०,०००।- (दश हजार) सम्म" भन्ने व्यहोरा राखी तेस्रो संशोधन गर्ने ।"

( डा. सोमलाल सुवेदी )
मुख्यसचिव
२०७३/४/१२